कार्यपालिकाको
सेवाला, जाजरकोट
६ नं. प्रदेश, नेपाल
नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

# शिवालय गाउँपालिकाको आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम

संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको शिवालय गाउँपालिकाको तेस्रो गाउँसभामा शिवालय गाउँपालिकाका उपाध्यक्ष श्री कुमारी थापाबाट प्रस्तुत नीति तथा कार्यक्रम

तेस्रो गाउँसभाका अध्यक्ष तथा शिवालय गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यू,

प्रमुख अतिथि, कर्णाली प्रदेशसभा सदस्य माननीय श्री करविर शाहीज्यू,

विशेष अतिथि, पूर्व सांसद श्री कृष्ण बहादुर शाहीज्यू,

अतिथिको रुपमा आमन्त्रित,

जिल्ला समन्वय समिति जाजरकोटका प्रमुख तथा प्रतिनिधिज्यू,

गाउँसभाका सदस्यज्यूहरु

पूर्व गाविस अध्यक्षज्यूहरु,

सम्पूर्ण राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु,

विभिन्न संचारकर्मी एवं पत्रकारज्यूहरु,

गाउँपालिका स्थित सुरक्षा निकायका प्रमुखज्यू,

नागरिक समाजका प्रनिनिधिज्यूहरु,

बिभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु,

विभिन्न क्षेत्रमा कार्यरत समाजसेवी,बुद्धिजीवी,शिक्षक पत्रकार,उद्योगी,व्यापारी,जेष्ठ नागरिक,नागरिक समाज,यूवा, बालबालिका, दलित तथा अल्पसंख्यक,एकलमहिला,शहिद परिवारका सदस्यहरु,फरक क्षमता भएका व्यक्तित्वहरु, बालबालिका, कर्मचारी, सुरक्षाकर्मी एवं यस गरिमामय गाउँसभामा उपस्थित सम्पूर्ण आदरणीय शिवालयवासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरु,

संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना पछि शिवालय गाँउपालिकाको तेस्रो गाउँसभाको यस शुभ अवसरमा सर्वप्रथम देश र जनताको हितका लागि आफ्नो अमूल्य जीवन आहुती दिनुहुने सम्पूर्ण ज्ञात, अज्ञात वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शहिदका परिवारहरु प्रति हार्दिक समवेदना तथा सम्मान प्रकट गर्दछु ।साथै सम्पूर्ण घाइते, अपाङ्ग तथा बेपत्ता नागरिकहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । यस गाउँपालिकाको परिकल्पना, विकास, निर्माण र उत्थानमा महत्वपुर्ण भूमिका खेल्नुहुनेबिभिन्न क्षेत्रका महानुभावहरुको योगदानको उच्च कदर एवं प्रशंसा गर्न चाहन्छु ।

संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना पछि शिवालय गाउँपालिकाको तेस्रो गाउँसभा आ.व. २०७५/०७६ को समुदघाट्न समारोहमा शिवालय गाउँपालिकाको निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथि, विशेष अतिथी तथा अतिथिज्यूहरुमा शिवालय गाउँपालिका र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु।

म स्थानीय सरकारको उपाध्यक्षको हैसियतले यस सम्मानित गाउँसभामा आगामी आ.व.०७५।०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुशी महसुस गरेको छु । यस जाजरकोट जिल्लाको पश्चिमी क्षेत्रमा अवस्थित शिवालय गाउँपालिकाको समग्र विकास निर्माणसंग सन्निकट सम्वन्ध राख्ने आजको यस ऐतिहासिक तेस्रो गाउँसभाको गरिमामय घडीमा, उद्योग, जलश्रोत, पर्यटन, साँस्कृतिक र कृषिको विकासको प्रचुर सम्भावना बोकेको, प्राकृतिक सुन्दरताले भरिपूर्ण, पौरखी र न्यायप्रेमी जनताहरुको बसोबास रहेको यस गाउँपालिकाको समग्र



नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

कार्यपालिका ... सेवाला, ... ६ नं. प्रदेश
नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

विकासको लागि आगामी आ.व. ०७५/०७६ को नीतितथा कार्यक्रमले सबै जनसमुदायको भावनालाई समेट्ने छ भन्ने अपेक्षा गरेको छु ।

विकासको मेरुदण्ड भनेको सर्वप्रथम लोकतन्त्रलाई संस्थागत गर्नु हो । लोकतन्त्रको संस्थागत विकास सर्वाङ्गीण विकास हो भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै अधिकार निक्षेपणको भावना र मर्म अनुरुप स्थानीय तहलाई सबल र सक्षम बनाउन शिवालय गाउँपालिकाले आफ्नो तर्फबाट हरसम्भव प्रयास गरिरहेको व्यहोरा जानकारी गराउन चाहन्छु । देश राजनीतिक स्थिरता तर्फ अग्रसर भएको यस अवसरमा स्थानीय शासन प्रकृयालाई सबलीकरण गर्दै समावेशी र अधिकारमा आधारित सहभागीतामूलक प्रकृयाद्धारा सेवा प्रवाहमा प्रभावकारिता ल्याई गरीबी न्यूनिकरण गर्ने र सहस्राव्दी विकास लक्ष्य प्राप्तिमा योगदान पुर्याउने हेतुका साथ अगाडी बढिरहेका छौं । राष्ट्रले हामीलाई दिएको अभिभारा पुरा गर्नको लागि यहाँहरुको साथ, समर्थन र सहयोग प्राप्त भएको खण्डमा हामी स्थानीय सरकारको रुपमा रहेका जनप्रतिनिधिहरुले आफ्नो कर्तव्य र जिम्मेवारी पुरा गर्न अझ बढी समर्पित रहने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७३।११।२२ को निर्णयानुसार साविकका सिमा, थालारैकर र जुंगाथापाचौर गा.वि.स.हरु समाहित भई शिवालय गाउँपालिका गठन भएको छ । पूर्वमा सल्यान, पश्चिममा दैलेख,दक्षिणमा सुर्खेत जिल्ला र उत्तरमा छेडागाड नगरपालिकाको बीचमा अवस्थित यस शिवालय गाउँपालिकाको कुल जनसंख्या १५,२६९।—(पन्ध्र हजार दुई सय उनन्सत्तरी) रहेको छ । ९ वटा वडामा विभाजित यस गाउँपालिकाको कूल क्षेत्रफल १३४.२६ वर्ग कि.मि.रहेको छ । कृषि उद्योग, जलश्रोत र खानीको प्रचुर सम्भावना बोकेकोयस गाउँपालिकाको तेस्रोगरिमामय सभामा आ.व. २०७५।७६ को नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवशालीठानेको छु ।

प्रमुख अतिथिज्यू, सभाध्यक्षज्यू लगायत अन्य महानुभावहरु,

जनताको घरदैलोमा स्थानीय सरकारले सेवा प्रदान गर्नु र एक वर्षको आफ्नो छोटो समयावधिमा जनताका अपेक्षाहरु पुरा गर्नु ठूलो चुनौतीको विषय भएको कुरा अवगत गराउन चाहन्छु । भौतिक पूर्वाधारहरुको अभाव, दक्ष जनशक्तिको समस्या र सीमित श्रोत साधनको बावजुद पनि हामीले यहाँहरुका अपेक्षाहरु कति सम्बोधन गर्न सक्यौं या सकेनौं त्यो यहाँहरुको मुल्यांकनको विषय हुनेछ । बहाल भएको पहिलो एक वर्षको अवधिमा सामना गर्नु परेका समस्याहरु र चुनौतीहरुलाई मैले सिकाईको रुपमा ग्रहण गरेको छु ।

गाउँ गाउँमा सिंहदरबार घरघरमा स्थानीय सरकारको मूल मर्मलाई आत्मसात गर्दै स्थानीय सरकारको श्रमशिल जनशक्तिलाई पूँजीमा बदल्दै न्याय र सामाजिक रुपान्तरण सहित समृद्ध शिवालय निर्माण गर्ने हाम्रो प्रतिवद्धता रहेको छ । सोही मर्म अनुरुप यहाँको भौगोलिक विकटता, जनताको स्थानीय सरकार प्रतिको बढ्दो आकांक्षा र उपलब्ध सिमित स्रोत साधनको बावजुद पनि गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरुको सक्रिय सहभागितामाश्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले तयार गरेको मार्गदर्शन र बजेट सिलिङ्गको बारेमाबजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकमा सहभागितामूलक ढंगबाट छलफल गरीसबै वर्ग र क्षेत्रलाई समावेशीमूलक ढंगले बजेट विनियोजन गर्ने प्रयास गरेको छु । यो गाउँपालिका ग्रामिण प्रकृतिको रहेको हुनाले यस पालिकाको लागि विकास त्यती सहज देखिदैन । तथापी उपलब्ध श्रोत साधनलाई जनआकांक्षा र आवश्यकता बीच तालमेल मिलाई समानुपातिक रुपमा आम जनता सामु पुर्याउने कोशिस गरेको छु । यो बजेटमा पिछडिएका वर्ग र जातजातीहरु, दलित, उत्पीडित वर्ग र क्षेत्र, महिला, बालबालिका, ज्येष्ठ नागरीक, आदीवासी, जनजाती, यूवा लगायत क्षेत्रलाई समेटेर आगामी आ.व ०७५/०७६ को बजेट विनियोजन गर्ने प्रयास गरेको छु ।



नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

संघीयता कार्यान्वयन सँगसँगै कर्मचारी समायोजन प्रकृया पनि शुरुवाती चरणमा भएको हुनाले स्थानीय तहमा कर्मचारीहरुको अभाव भएको कुरा सर्वविदितै छ । उपलब्ध जनशक्ति पनि नयाँ संरचनाको अनुभव अभावको कारण प्रशासनिक काम कारवाहीलाई अपेक्षित रुपमा छिटो छरितो बनाउन नसके पनि सबैको सामुहिक प्रयासको वावजुद केही न केही रुपमा सफलता प्राप्त भएको छ । हरेक वडाहरुमा कार्यालय स्थापना गरी सोही कार्यालयमा कर्मचारी रहेर सेवा प्रवाह गर्ने कार्य भईरहेको छ ।

मैले आगामी आ.व. २०७५।०७६ को नीति तथा कार्यक्रम यो गौरबशाली सभामा प्रस्तुत गरिरहँदा यस गाउँपालिकाका अभाव र समस्याहरुलाई निराकरण गर्न शिवालयवासीका विगतको त्याग, बलिदानी र अनुभवहरुले हामीलाई मार्ग निर्देशन गरिरहेको आभास भईरहेको छ । यस शिवालय गाउँपालिकाको समृद्धी रसर्वोत्तम हितको लागि सहमति र सहकार्य गर्ने संस्कृतिको अभ्यासमा अभ्यस्त छौं । विगत लामो समय देखि मानव विकास सुचकाङ्कमा पछाडि रहेको यस शिवालय गाउँपालिकालाई समृद्ध गाउँपालिकाको रुपमा चिनाउनको लागि आगामी आ.व. २०७५।०७६ को यो नीति तथा कार्यक्रम कोशेढुंगा सावित हुनेछ भन्ने आशा लिएको छु ।

आर्थिक उपार्जन गर्न सक्ने सक्रिय जनशक्ति पर्याप्त भएतापनि यसको उचित व्यवस्थापन मार्फत रोजगारी सिर्जना गर्न नसक्दा यहाँका सयौं उर्जाशिल जनशक्तिहरु रोजगारको सिलसिलामा भारतका विभिन्न स्थानहरु, खाडी मुलुकहरु मलेसिया, दुबई, कतार लगायतका देशहरुमा पलायन हुने गरेका छन् । उर्जाशिल जनशक्ति बिदेश पलायन भईरहँदा दिन दुगुना रात चौगुना यहाँका उर्वरा पाखो बारीहरु मरुभूमीमा रुपान्तरण हुँदै गएका छन् भने परिबारमा बृद्धबृद्धा तथा अशक्तहरु मात्र रहने र उनीहरु साहारा विहिन हुने गरेका छन्। देशका कर्णधारको रुपमा रहेका बालबालिका र बृद्धबृद्धाहरुको संरक्षणगर्नु अर्को ठूलो चुनौती रहेको छ। खाडी मुलुकमा पसिना बगाई आर्जन गरेको ठुलो रकम अनुत्पादक क्षेत्र (विलासिता) मा खर्च भईरहेको र यसलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सके यस गाउँपालिकाको समृद्धिको लागि टेवा पुग्ने अपेक्षा गरेको छु ।

जलस्रोत र खनिज, जंगल, बहुमल्य प्राकृतिक, सम्पदाहरु यस गाउँपालिका भित्र हुनु थप अवसर र सौभाग्य हो । तर गाउँपालिका स्थानीय शासनको शुरु वर्षको अभ्यासमा रहेकोले थुप्रै चुनौति र समस्याहरु रहेका छन् । भौगोलिक विकटता,राजश्व संकलनमा असहज अवस्था रहेकोले हामी आफैले गाउँपालिकाको संस्थागत र भौतिक पूर्वाधारको विकास गर्नुपर्ने साथै सरोकारवाला निकायहरुसँग समन्वय विस्तार गरी अगाडी बढ्नुपर्ने अवस्था छ । यिनै चुनौतीहरुलाई अवसरको रुपमा ग्रहण गर्दै हामी सबै गाउँपालिकाबासीहरुले समुन्नत र समृद्ध गाउँपालिकाको परिकल्पनाका साथ आ–आफ्नो क्षेत्रबाट योगदान गर्न सकेमा शिवालय गाउँपालिकाको मुहार फेर्न धेरै कुरिरहनु पर्ने छैन भन्ने कुरा यहाँहरुलाई अवगत गराउन चाहन्छु ।

यस गाउँपालिकाको आ.व.०७५।०७६ को योजना छनौट गर्दा सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवलम्बन गरिएको छ । उपलब्ध श्रोत साधनको कमी र जनताका मागहरु अत्याधिक हुने भएकोले निश्चित मापदण्डका आधारमा योजनाहरु प्राथमिकीकरण गरी छनौट गर्नुपर्ने छ । शिवालय गाउँपालिकाले पनि आगामी आ.व. को योजना तर्जुमा गर्दा तपसिलका प्राथमिकीकरणका आधारहरु तयार गरेको छ ।

योजना प्राथमीकीकरणका आधारहरु :

- गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुर्याउने आयोजना तथा कार्यक्रमहरु
- लैंगिक मैत्री तथा समावेशिता प्रवर्द्धनमा प्रत्यक्ष सहयोग पुर्याउने आयोजना तथा कार्यक्रमहरु
- उत्पादन र बजारमा पहुँच बृद्धि गर्न सघाउ पुर्याउने आयोजनाहरु
- कम लागतमा बढी लाभ लिन सकिने आयोजनाहरु
- विपन्न वर्ग र क्षेत्रका बासिन्दाहरुलाई प्रत्यक्ष फाइदा पुग्ने खालका आयोजनाहरु
- वातावरणमैत्री एवं जलवायू परिवर्तन समानुकूलन मैत्री आयोजनाहरु



कुमार शाही
अध्यक्ष

- लागत साझेदारी र जनसहभागिता जुट्ने आयोजनाहरु
- छिटो प्रतिफल दिने र छोटो समयमा सम्पन्न हुन सक्ने आयोजनाहरु
- क्षेत्रिय सन्तुलन कायम गर्न सहयोग गर्ने आयोजनाहरु

सम्माननीय सभाध्यक्षज्यू,

"शिवालयको समृद्धीका लागि हामी सबैको साझा संकल्प, आर्थिक, सामाजिक र पूर्वाधार विकास उपयुक्त विकल्प"भन्ने मुल नाराका साथ म यहाँहरु समक्ष चालु आ.व. ०७४।०७५ को हालसम्मको कार्यक्रम कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

क्षेत्रगत नीति तथा आधारहरु :

१. आर्थिक विकासको क्षेत्र

(क) कृषि तथा पशुपालन

- स्वच्छ एवम् गुणस्तरिय पशुपन्छी जन्य उत्पादनका माध्यमबाट शिवालय गाउँपालिकालाई खाद्य तथा पोषणमा आत्मनिर्भर बनाईने छ ।
- कृषक, समुदाय, सहकारी संस्था एवम् निजी उद्यमीहरुको प्रतिस्पर्धी क्षमता वृद्धिगर्दै पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धिगर्न एकीकृत रूपमा प्राविधिक, वित्तीय तथा अन्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।
- अर्गानिक खेतीप्रणालीमा वृद्धि, शिवालय गाउँपालिकाको समृद्धि भन्ने नारालाई साकार तुल्याउन रैथाने प्रजातिका कृषि बाली तथा पशुपन्छीको संरक्षण र प्रवर्धन गर्दै अर्गानिक उत्पादन र उत्पादकत्व वृद्धिको लागि शिवालय अर्गानिक कृषि विषेश कार्यक्रम लाई प्राथमिकता दिईने छ ।
- शिवालय गाउँपालिकाको सबै वडाका प्रत्येक घरधुरीहरुमा एक घर एक करेसाबारी कार्यक्रमको अवधारणा लागु गरिनेछ साथै प्रत्येक वडाहरुमा उत्कृष्ट कृषक पुरस्कार प्रदान गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र व्यवसायिक पशुपालन र आधुनिक कृषि प्रणालीको शुरुवात गरी कृषि क्षेत्रको उत्पादकत्व बढाइनेछ ।
- माटो परिक्षण कार्यक्रमलाई निरन्तरता दिँदै माटो सुधारकालागि भकारो सुधार निर्माण तथा कृषि जोन परियोजनामा जोड दिईनेछ ।
- कृषि उत्पादनलाई बढावा दिन हावापानी सुहाउदो आवश्यक मल, बीऊ विजन खरिद गरी वितरणको लागि आवश्यक व्यस्वस्था मिलाईनेछ ।
- केन्द्रीय सरकारको राष्ट्रियगौरवकोआयोजनाप्रधानमन्त्रीकृषिआधुनिकिकरणपरियोजनामार्फत एक गाउँ एक नमुना कृषि पकेट क्षेत्रका रुपमा (जस्तैः आँप, स्याऊ, सुन्तला, ओखर, टिमुर, अलैची, किवी, बदाम, तरकारी, भट्टमास) खेतीलाई विस्तार गर्न आवश्यक पहल गरिनेछ ।
- खाद्यान्नमा आत्मनिर्भर बनाउन खाद्यान्न बालीलाई विशेष प्राथमिकता दिई मकैबालीमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।
- पशुपालन क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरणका लागि निजि, साझेदारिमा आधारित भेडा तथा बाख्रापालनगर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- उत्कृष्ट पशुपन्छी पालन गर्ने कृषककलाई उत्कृष्ट कृषक पुरस्कारको व्यवस्थापन गरिनेछ ।
- प्रदेश सरकारसँगको सहकार्यमा एक वडा एक कृषि तथा पशु सेवा प्राविधिक नीति लागु गर्न पहल गरिनेछ।



नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

शिवालय गाउँ कार्यपालिकाको कार्यालय ... बाजुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

- कृषि तथा पशु बिकासका क्षेत्रमा विशेष पकेट क्षेत्र घोषणा गरि श्रोतकेन्द्रको रुपमा विकास गरिनेछ।
- यस गाउँपालिकाका विभिन्न स्थानहरुमा अव्यवस्थित र खुला चरिचरणबाट वन विनास भईरहेको हुनाले चरिचरणलाई व्यवस्थित गर्न खर्क र चरणको व्यवस्थापनका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।

(ग) सहकारी

- गाउँ गाउँमा सहकारी, घरघरमा रोजगारी भन्ने नेपाल सरकारको मूल नारालाई सार्थक तुल्याउन एक वडा एक सहकारीको अवधारणा ल्याइनेछ ।
- सहकारीहरुको साझेदारीमा स्थानीय तहमा आवश्यक कृषि, वन, वातावरण र भौतिक पुर्वाधारका योजनाहरु निर्माण गर्न समेत आवश्यक पहल गरिनेछ ।
- दलित, महिला, द्धन्द्धपिडित, विपन्न तथा सीमान्तकृत समुदायहरुलाई आत्मनिर्भर बनाउनको लागि लागि लक्षित वर्ग विशेष कार्यक्रम ल्याइनेछ ।

(घ) पर्यटन

- शिवालय समृद्धिको आधार, पर्यटनको विकास र भौतिक पूर्वाधार भन्ने नाराका साथ हाम्रो शिवालय गाउँपालिकामा रहेका मुख्य पर्यटकीयक्षेत्रशिवालय कुटी, मालिका मन्दिर, बिउरे लेख, भ्यूटावर निर्माण, तिर्थस्थल, कचाली, छेडाखोला लगायतका पर्यटकीय स्थलहरुकोसम्भाव्यता अध्ययन गरी संघीय र प्रदेश सरकारसँगको सहकार्यमा पर्यटन प्रवर्द्धन गरिनेछ ।
- शिवालय गाउँपालिकालाई पर्यटक आगमनको गन्तव्यको रुपमा विकास गर्न पर्यटन गुरुयोजना निर्माण गरि लागु गरिनेछ ।
- यस पालिकाको पर्यटन, कला संस्कृती, धार्मिक स्थलहरुको विकास तथा प्रवद्र्धनको लागि पर्यटन विकास गुरुयोजना निर्माण गर्न सरोकारवाला निकायहरुसँग समन्वय गर्ने निर्णय गरियो।

(ङ) उद्योग तथा वाणिज्य

- उद्यमशिलताको विकास गर्न आयमूलक रोजगारीका कार्यक्रम सञ्चालन गरी महिला, दलित, जनजाति आदिवासी, पछाडीपरेका जनसमुदायलाई लघुउद्यममा सहभागी गराइनेछ । साथै खनिज उद्योग स्थापनाको लागि पहल गरिनेछ ।
- परम्परागत घरेलु तथा लघु उद्योगहरुलाई आधुनिकीकरण गर्न विभिन्न सिपमूलक तालिमहरुको व्यवस्था मिलाइनेछ ।
- आफनो व्यवसाय सञ्चालन गरेका व्यवसायीहरुलाई व्यवसाय बिस्तार गर्नका लागि आवश्यकतामा आधारित प्रविधि हस्तान्तरण गर्न आवश्यक पहलगरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका उद्यमीहरुलाई थप प्रोत्साहनका लागि अध्यक्ष उत्कृष्ट उद्यमी पुरस्कारको स्थापना गरिनेछ ।

३.सामाजिक विकास क्षेत्र

(क) शिक्षा

- हामी सबैको ईच्छा निशुल्क अनिवार्य आधारभुत शिक्षा भन्ने आदर्श वाकयलाई आत्मसात गरि कार्यक्रम संचालन गरिनेछ ।



नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

- बालबालिकाहरुलाई विद्यालय ल्याऔं, टिकाऔं र सिकाऔं भन्ने मुल ध्येयका साथ प्रत्येक वडाहरुलाई यससँग सम्बन्धित कार्यक्रमहरु छनौट र कार्यान्वयन गरिनेछ ।
- शिवालय गाउँपालिकाभित्र सञ्चालनमा रहेका विद्यालयहरुलाई दुरीका आधारमा एक-आपसमा गाभ्ने र आवश्यकता अनुसार विद्यालय अनुदानकोव्यवस्था गरिनेछ ।
- शिवालय गाउँपालिकाको शैक्षिक विकासका लागि शैक्षिक योजना तथा रणनीतिनिर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- ३ देखि ४ वर्ष उमेरका बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि आधा घण्टाको दुरीमा बालविकास केन्द्र स्थापना गरी कक्षा कोठाभित्र बालमैत्री सिकाई वातावरणको सिर्जना गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- प्रत्येक वडामा एउटा नमुना विद्यालय स्थापना गरिनेछ ।
- शिवालय गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका घोषणाको लागि आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका सिकाई केन्द्रहरुलाई श्रोत साधन सम्पन्न बनाई सुचना केन्द्रको रुपमा विकास गरिनेछ ।
- विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक पहल गरिने छसाथै विद्यालय सुधार योजनाका आधारमा पूर्वाधार निर्माण गर्नेनीति लिईनेछ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका विद्यालयहरु मध्ये सबैभन्दा बढि सिकाई उपलब्धि हासिल गराउने विद्यालयलाई पुरस्कृत गर्ने व्यवस्थामिलाईनेछ ।
- तोकिएको न्यूनतम सिकाई उपलब्धी हासिल गर्न नसक्ने विद्यालयहरुलाई गाउँपालिकाबाट दिइने अनुदान कटौति गर्ने नीति लिईनेछ ।
- पूर्ण सरसफाई कार्यक्रम विद्यालय क्षेत्र भित्र अनिवार्य गराउन गाउँपालिका भित्र सञ्चालनमा रहेका संघ संस्थाहरुसँग समन्वय गरि पुर्ण सरसफाई अभियान संचालन गरि पुरै गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गरिनेछ ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भित्र ल्याउन निशुल्क शैक्षिक सामाग्री उपलब्ध गराउन पहलगरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका माध्यमिक विद्यालयहरु मध्ये आवश्यक पूर्वाधार तयार भएका विद्यालयलाई प्राविधिक शिक्षालयका रुपमा विकास गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका मा.वि. र आ.वि. हरुलाईसुचना प्रविधि (ICT) को माध्यमबाट शिक्षण सिकाई क्रियाकलाप सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ भने सम्पुर्ण विद्यालयहरुमा क्रमशःई-हाजिरीको व्यवस्था गरिनेछ ।
- प्रत्येक विद्यालयमा एक फुलबारी एक खेल मैदान निर्माण गर्न पहल गरिनेछ ।
- बालमैत्री शौचालय र बालमैत्री खानेपानी योजना निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- प्रत्येक मा.वि.हरुमा किशोरीहरुका लागि स्यानिटरी प्याडको व्यवस्थागरिनेछ।किशोरीहरुलाई विद्यालय स्वास्थ्य तथा पोषण अन्तरगत Ironचक्की तथा Folic Acid खुवाउने कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।
- प्रत्येक माध्यामिक विद्यालयहरुमा पुस्तकालय निर्माणको अवधारणालाई जोड दिइनेछ । प्रत्येक कक्षा कोठामा किताबी कुना (book corner) को व्यवस्था मिलाइने छ ।
- शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासतालिमहरु संचालन गरी गुणस्तरीय शिक्षा प्रदान गरिनेछ।
- विद्यालयहरुलाई अनिवार्य रुपमा शान्ति क्षेत्र घोषणागरिनेछ ।
- बालबालिकाको अन्तरनिहितक्षमतालाई प्रवर्द्धन गर्नको लागि सह कृयाकलापहरु संचालन गरिनेछ।



नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

- विद्यालय अनुगमन तथा निरीक्षणलाई वैज्ञानिक, गुणस्तरिय र प्रभावकारी बनाउन आवश्यक रणनीति अवलम्बन गरिनेछ ।
- प्रत्येक वर्ष गाउँपालिका स्तरीय खेलकुद महोत्सव संचालन गरिनेछ ।
- यस गाउँपालिकाका गरिब, जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अध्ययनका लागि सरकारी वा निजी क्षेत्रमा स्वास्थ्य तथा प्राविधिक क्षेत्रमा नाम निकाल्न सफल भएमा सशर्त छात्रवृत्ति उपलब्ध गराइने छ । साथै अध्ययन गरी सकेपछि यस गाउँपालिकामा अनिवार्य रुपमा तोकिएको शर्तबमोजिम सेवा गर्नुपर्ने नीति लिइनेछ ।

(ख) स्वास्थ्य

- स्वच्छ नागरिक सफा सुन्दर गाउँपालिका भन्ने मुल ध्ययेका साथ जनताको जीवनसँग जोडिएको आधारभुत स्वास्थ्य सेवालाई भरपर्दो जनमुखी र प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकाको सबै वडामा स्वास्थ्य केन्द्रको साथै स्वास्थ्य इकाईहरु स्थापना गरी क्रमशः संचालन तथा विस्तार गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा कार्यरत महिला स्वयंसेविकाहरुको योगदान र भुमिकाको उच्च कदर गर्दै प्रोत्साहन स्वरुप वार्षिक रु.५००० (पाँच हजारका दरले) आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।
- आधारभुत स्वास्थ्यमा सबैको सहज पहुँच र सुरक्षित मातृत्व शिशु प्रजनन् स्वास्थ्यको लागि विशेष पहल गरिनेछ ।
- सुनौलो हजार दिनका आमाहरुलाई आयोडिनयुक्त नुन वितरणको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- पशुपन्छीबाट सर्न सक्ने रोगहरूको रोकथाम तथा नियन्त्रण कार्यलाई प्रभावकारी बनाइनेछ ।
- प्रत्येक वडामा रहेका आमा समूहहरुको लागि सामुदायिक भवनहरु निर्माण गर्न पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा रहेका प्रत्येक स्वास्थ्य संस्थाद्वारा मातृ शिशु स्वास्थ्य सेवालाई भरपर्दो र सुरक्षित बनाउन हप्ताका सातै दिन सुत्केरी जाँच तथा प्रसुति सेवा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- आवश्यक औषधि भण्डारण तथा आकस्मिक चिकित्सा सेवाको व्यवस्था गरिनेछ ।
- महिलाहरुको आङ खस्ने, पाठेघर क्यान्सर, आँखा, हाडजोर्नी, मुटु लगायतका विशेषज्ञ सेवा शिविर सञ्चालन गरिनेछ ।
- बिरामीहरुलाई स्वास्थ्य संस्थासम्म सहज रुपमा लैजानको लागि प्रत्येक एम्बुलेन्स सेवा तथा स्ट्रेचरको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकामा रहेको एक मात्र आयुर्विद औषधालयमा आवश्यक आयुर्वेद औषधिको अभाव भइरहने हुनाले उक्त समस्यालाई निराकरण गरी गुणस्तरीय सेवा प्रवाह गरिने व्यवस्था मिलाईनेछ।
- जेष्ठ नागरिकहरुलाई स्वास्थ्यवर्द्धक आयुर्वेद औषधि वितरण गरिनेछ भनेगाउँपालिकाका कही विद्यालयहरुमा विद्यार्थीहरुका लागि योग शिविर संचालन गरिनेछ ।
- शिवालय गाउँपालिकामा दुई महिनामा कम्तिमा पनि एकपटक गाउँघर क्लिनिक संचालन गरिनेछ।

(ग) खानेपानी तथा सरसफाई

- मानिसको दैनिक जीवनसंग प्रत्यक्ष सम्बन्ध जोडिएको स्वच्छ खानेपानीमा सबै जनताको पहुँच सुनिश्चित गर्न आगामी दुई वर्ष भित्र एक घर एक धाराको अवधारणा बमोजिम खानेपानी गुरुयोजना निर्माण गरिनेछ ।
- खानेपानीका मुहानहरु वर्षेनी सुक्दै गएको हुनाले त्यस्ता संरक्षण गर्न लायकका खानेपानीका मुहानहरु संरक्षण गरिनेछ ।

(घ) युवा तथा खेलकुद



नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

➢ स्वच्छ जीवनको लागि खेलकुद भन्ने मान्यतालाई मध्येनजर गरि नियमित रुपमा स्थानीय स्तरमा खेलकुदका विभिन्न कार्यक्रमहरु समावेश गरी अध्यक्ष रनिङ्ग शिल्डको आयोजना गरिनेछ।
➢ गाउँपालिका स्तरिय खेलकुद समिति गठन गरिनेछ ।
➢ गाउँपालिका स्तरिय खेलकुदका लागि खेलकुद मैदान निर्माणको लागि पहल गरिनेछ ।
➢ खेलाडीहरु राष्ट्रका गहना भएको यथार्थतालाई मध्यनजर गरी राष्ट्रिय र अन्तराष्ट्रिय स्तरका खेलाडीहरु उत्पादनको लागि पहल गरिनेछ ।

(घ) महिला तथा बालबालिका तर्फ :

➢ "मानव सभ्यताको सम्मान छुवाछुत र सामाजिक कुरीति बिरुद्धको अभियान भन्ने नाराका साथ सामाजिक सचेतनाका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
➢ महिला, दलित, शारीरिक अशक्त, जेष्ठ नागरिक र बालमैत्री कार्यक्रमहरु संचालन गरिनेछ ।
➢ महिला तथा बालवालिका बिरुद्ध हुने सबै प्रकारका हिंसा तथा दुर्वव्यवहारहरु न्यूनीकरण सम्बन्धी कार्यक्रमहरु बृहतरुपमा सञ्चालन गरिने छ ।
➢ किशोरीहरुका लागि जीवन उपयोगी सीप विकास र व्यवसायिक सिप विकास सम्वन्धी विभिन्न तालिम कार्यक्रमहरु संचालन गारिने छ । साथै आर्थिक अवस्था कमजोर भएका र घरेलु हिंसा पीडित किशोरीहरुको लागि निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनछ ।
➢ सामाजिक कुरीतिका रुपमा रहेको छुवाछुत, वोक्सी प्रथा, बाल-विबाह,बहु-विबाह मुक्त क्षेत्र घोषणाको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।
➢ हिंसा पिडित महिलाहरुलाई सिपमूलक तालिम र निशुल्क कानूनी सहायता उपलब्ध गरिनेछ ।
➢ सार्वजनिक निकायमा नयाँ निर्माण हुने संरचनाहरुलाई अपाङ्गमैत्रि, बालमैत्री र बातावरणमैत्री बनाइनेछ।
➢ विपतमा परेका बालवालिका तथा बृद्धबृद्धाहरुको लागि उद्दार कोष स्थापना गरिनेछ ।
➢ महिलाको आर्थिक अवस्था सुधारका लागि विभिन्न सीपमूलक कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वियन गरिनेछ ।
➢ यस गाउँपालिकामा रहेका लोपोन्मुख प्रजाती, बहुमुल्य जडिबुटीहरु लगायत विभिन्न खालका प्राकृतिक श्रोतहरुको प्रवर्द्धन गर्नको लागि आवश्यक कृयाकलापहरु संचालन गर्ने निर्णय गरियो।

४. पूर्वाधार क्षेत्र

(क) सडक

➢ आगामी आ.व.०७५।७६ मा सडक संजालको गुरुयोजना निर्माण गरिनेछ ।
➢ गाउँपालिकाका सम्पुर्ण वडाहरुलाई आर्थिक वर्ष ०७५।०७६ मा सडक सञ्जालले जोडिनेछ ।
➢ गाउँपालिकाको केन्द्रसम्म सडकलाई कालोपत्रे गर्न संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ।
➢ प्रादेशिक सडक (छेडा कचाली हुदै मध्य पहाडी राजमार्ग) जोड्ने सडकलाई नियमित रुपमा सुचारु गर्न संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।
➢ वालुवा,कचाली, चिउदुवा, आले हुदै मोर्क सम्मको रिङ रोडको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ।

ख) पुल तथा ट्रसब्रिज

➢ आवतजावतको सहजतालाई मध्यनजर गरी पक्कीपुल, ट्रस पुलतथाझोलुङ्गे पुलहरु निर्माण गर्न तदारुकताका साथपहल गरिनेछ ।

(ग) भवन निर्माण



नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

- गाउँपालिकामा नयाँ निर्माण हुने भवनहरु भवन निर्माण संहिता बमोजिम निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका र वडा कार्यालयकोभवन निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका भित्र निर्माण गरिने सरकारी भवनहरु वालमैत्री,अपांग मैत्री, लैंगिक बनाउन पहल गरिनेछ ।

(घ) उर्जा

- गाउँपालिकाका सम्पूर्ण वडाहरुमा आगामी दुई वर्ष भित्र केन्द्रीय विद्युत लाईन जडानका लागि आवश्यक पहल गरिनेछ ।
- यस गाउँपालिका भित्र साना जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी योजना निर्माणमा जोड गरिनेछ ।
- सौर्य उर्जा, वायोग्याँस आदि वैकल्पिक उर्जाका कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

(ङ) सूचना तथा संचार

- यस गाउँपालिकाको उपयुक्त स्थानहरुमा नेपाल टेलिकम (नमस्ते, स्काई) र NCELLको टावर निर्माणको लागि सम्बन्धित निकायहरुसँग पहल गरिनेछ ।
- गाउँपालिकाको कार्यालयबाट प्रवाह हुने सेवाहरु विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ । उक्त कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि कर्मचारीहरुलाई आवश्यक तालिमहरु संचालन गरिनेछ ।

५. वातावरण तथा विपत व्यवस्थापन

- जलवायू परिवर्तनको असर तथा प्रभावहरुसँग जुध्न स्थानीय अनुकुलन योजना, न्यूनिकरणका योजना तथा समानुकुलनका योजनाहरुलाई पहिलो प्राथमिकतामा राखी कार्यक्रम संचालन गरी यस गाउँपालिकालाई जलवायूमैत्री गाँउपालिकाको रुपमा विकास गरिनेछ ।
- जलवायु परिवर्तन तथा विपद व्यवस्थापन कोषलाई निरन्तरता दिई थप गर्नु पर्ने आवश्यक बजेटको लागि जलवायू परिवर्तनको क्षेत्रमा कार्य गर्ने विभिन्न निकायहरुसँग समन्वय र पहल गरिनेछ ।
- वन तथा वातावरण सम्बन्धी कार्यनीति र निर्देशिकाहरु निर्माण गरी सोही अनुसारका कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिवालय गाउँपालिका भित्र महत्वपूर्ण रैथाने वनस्पति र वन्यजन्तुको संरक्षण गरी वैज्ञानिक वन व्यवस्थापन डढेलो नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ ।
- एक घरधुरी दुई फलफुल नीतिलाई प्रोत्साहन गरी भावी सन्ततिहरुको लागि बिरुवा उपहार, वातावरण संरक्षण र संम्वर्द्धनका लागि चेतनामुल कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिवालय गाउँपालिकामा आकष्मिक पहिरो तथा नदी नियन्त्रण कार्यक्रम, एकिकृत भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ ।

६. संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- आवश्यकता अनुसार जनप्रतिनिधि तथा कर्मचारीहरुको वृत्ति विकासको लागि बिभिन्न कार्यक्रमहरु बनाई कार्यन्वयनमा ल्याईनेछ ।
- विभिन्न दातृ निकायहरुलाई गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वनयमा ल्याइनेछ ।
- गाउँपालिकाको वस्तुस्थिति विवरण, आवधिक योजना, क्षमता विकास योजना तथा संगठन विकास योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।



नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

- शिवालय गाउँपालिकामा यथासक्य छिटो भौतिक संरचनाको निर्माणगरी सेवा प्रवाह गरिनेछ ।
- गाउँपालिकाको आफ्नो श्रोत बाट सम्पन्न गर्न नसकिने गाउँपालिकाका महत्वपूर्ण तथा बहुवर्षिय योजनाहरु कार्यान्वयनको लागि केन्द्र तथा प्रदेश सरकारलाई अनुरोध गरिनेछ ।
- वार्षिक खरीद योजना बनाई लागु गरिनेछ ।

**सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथी, तथा उपस्थित महानुभावहरु,**

कुनै पनि योजनाको दस्तावेज तयार गर्नु आफैंमा महत्वपूर्ण र कठिन कार्य हो । विगतमा गरिने योजना तर्जुमा भन्दा फरक ढंगले गरेको यस पटकको योजना तर्जुमाका विभिन्न चरणबाट प्राप्त प्राथमिकतामा परेका योजनाहरु हामीले छनौट गरेका छौं । विभिन्न विषयगत निकायहरु र दातृ निकायहरुबाट कार्यान्वयन गरिने योजनाहरुलाई पनि हामीले वार्षिक योजना पुस्तिकामा समावेश गरिने व्यहोरा अनुरोध गर्न चाहन्छु । सम्बद्ध सबै पक्षको सार्थक सहयोगबाट तयार भएको यो पुस्तिकाको सफल कार्यान्वयनमा समेत यहाँहरुको महत्वपूर्ण भूमिका रहने विश्वास लिएको छु । यस अवसरमा शिवालय गाउँपालिकाको समग्र विकासको सन्दर्भमा प्रभावकारी भूमिका खेल्ने राजनीतिक दल, विषयगत निकायहरु, विभिन्न दातृ निकायहरु लगायत सम्पूर्ण प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनहरुमा समेत यथोचित सहयोग र सदभावको अपेक्षा गरेको छु ।

अन्तमा,

हाम्रो आमन्त्रणलाई हार्दिकतापूर्वक स्वीकार गरी हामीलाई हौसला, मार्गनिर्देश एवं उर्जा प्रदान गर्न पाल्नु हुने आजका प्रमुख अतिथि प्रदेश सभा सदस्य माननीय श्री करबिर शाहीज्यू र अन्य अतिथि महानुभावहरु लगायत योजना तर्जुमाको प्रारम्भिक चरण देखि बजेट सार्वजनिक गर्दा सम्मका हरेक क्रियाकलापमा प्रत्यक्ष वा परोक्ष संलग्न रही सहयोग पुर्याउनु हुने पालिकाका सम्पूर्ण वडाका वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्य, वडा सदस्य, पत्रकार मित्रहरु, नागरीक समाज लगायत सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरी गाउँसभा तयारीको प्रारम्भिक चरण देखि अहोरात्र खट्ने कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । गाउँपालिकाले लिएको लक्ष्य प्राप्त गर्न स्वीकृत कार्यक्रम तथा बजेट समय मै संचालन तथा सम्पन्न गरी प्रतिफल प्राप्तीका लागि यहाँहरु सहित सम्पूर्ण शिवालय गाउँपालिका बासीहरुको समान सहभागिता र सहयोग रहनेछ भन्ने पूर्ण विश्वासका साथ आफ्ना भनाईहरु यही अन्त्य गर्दछु ।

धन्यवाद ।

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

..............................

उपाध्यक्ष श्री कुमारी थापा

मिति: २०७५।०३।२५